नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
कर्मचारी प्रशासन शाखा

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

प्राप्त पत्र संख्या :-
पत्र संख्या :- ०७६/७७
चलानी नं. :- १४४२

मिति : २०७६।०६।३०

विषय :- हाजिर गराउने सम्बन्धमा ।

श्री सबै (७५३) स्थानीय तह ।

यस मन्त्रालयबाट कर्मचारी समायोजनको क्रममा कतिपय तहमा दरवन्दी भन्दा बढी समायोजन भएका र दरवन्दी नै नभएका स्थानमा समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीहरुलाई के कसरी समायोजन पत्र दिने भनि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सोधि पठाईएकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७६/०७७ च.नं. २३ मिति २०७६।०५।१० को पत्रको बुँदा नं. १ मा समायोजनको प्रक्रिया प्रारम्भ भई सकेपछि पनि नेपाल सरकारबाट नेपाल स्वास्थ्य सेवाको संगठन संरचना र दरवन्दीमा हेरफेर भएको हुँदा स्वीकृत दरवन्दी भन्दा बढ़ी संख्यामा समायोजनका लागि सिफारिस भएका कर्मचारीहरुलाई समेत सिफारिस भए बमोजिम नै समायोजनको पत्र दिने व्यवस्था मिलाउने, यसरी समायोजन हुँदा स्वीकृत दरवन्दी भन्दा बढी कर्मचारी भएका तहहरुमा कर्मचारी अवकाश भएर वा अन्य कुनै कारणले रिक्त दरवन्दीहरुमा पदपुर्ति नगरी समायोजन भएका कर्मचारीहरुलाई क्रमश मिलान गर्दै जाने साथै अन्य रिक्त स्थानमा मिलान गर्दै जाने व्यहोराको निर्देशन प्रास भएको । साथै सोही पत्रको बुँदा नं. २ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सिफारिस भए बमोजिम नै सम्पूर्ण कर्मचारीहरुलाई तत् तह र स्तरहरुमा समायोजन भएको पत्र दिने, दोहोरोपना हुने सम्भावना भएका पदहरुको हकमा जस्तै उदाहरणका लागि ४/५/६, ५/६/७ को दरवन्दीमा जुन पदनाम र तहको कर्मचारी समायोजन भएको छ हाललाई सोही पदनाम र तहको दरवन्दी कायम हुने र सो पद रिक्त हुँदा समायोजन हुँनु पूर्व स्वीकृत भएको दरवन्दी नै कायम गर्ने व्यवस्था मिलाउने भनि निर्देशन भई आएको हुँदा यस मन्त्रालयबाट समायोजन भई आएका दरवन्दी भित्र वा दरवन्दी भन्दा वढी भएका सबै कर्मचारीहरुलाई सोही तह र पदनाम कायम राखी हाजिर गराई कामकाजमा खटाउने व्यवस्थाका लागि यस मन्त्रालय (मा. उपप्रधान मन्त्री एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रीस्तरिय) को मिति २०७६।०६।३० को निर्णयानुसार अनुरोध छ ।

(भानुभक्त न्यौपाने)
उप-सचिव